फुङलिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फुङलिङ, ताप्लेजुङ
२०७३

पत्र संख्याः- २०८१/०८२
सूचना नं. ०२

(कोशी प्रदेश, नेपाल)
मितिः २०८१/०४/०१

## सूची दर्ता आह्वान सम्बन्धी सूचना !

यस कार्यालयको लागि आगामी आ.व. २०८१/०८२ मा आवश्यक पर्ने निम्न अनुसारका कार्यहरु गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा फुङलिङ नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १९ को प्रयोजनको लागि छुट्टा छुट्टै सूची तयार गर्न आवश्यक कागजातहरु (संस्था वा फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, कालो सुचीमा नपरेको स्वघोषणा पत्र, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु) संलग्न राखि प्रत्येक समुहका लागि छुट्टा छुट्टै निवेदन यस कार्यालयको जिन्सी शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**मौजुदा सूचीमा दर्ता हुने समूहहरु:**

(क) **खरिद तथा आपूर्ति तर्फः**

१. मशलन्द तथा कार्यालय सामान।
२. छपाई सम्बन्धी।
३. मेशिनरी उपकरण (कम्प्युटर, फोटोकपि तथा पार्टसहरु यु.पि.एस, इन्भर्टर तथा इलेक्ट्रोनिक्स र नेटवर्किङ्गका सामान)
४. काठ, स्टील फर्निचर र फर्निसिङ्ग सम्बन्धी।
५. पशुस्वास्थ्यका लागि औषधी।
६. मानव स्वास्थ्यको लागि औषधी।
७. स्वास्थ्य उपकरण। अपाङ्ग मैत्री सामाग्री।
८. बोट विरुवा तथा कृषि जन्य सामाग्री।
९. सवारी साधन।
१०. माथी उल्लेखित बाहेक अन्य कार्यालय सामाग्रीहरु

(ख) **मर्मत तर्फ**

१. सवारी साधन (मोटर तथा मोटरसाइकल पार्टस तथा टायर, डेन्टपेन्टहरु)
२. कम्प्युटर, फोटोकपि, प्रिन्टर, फ्याक्स, स्क्यानर, इन्टरनेट, यु.पि.एस, इन्भर्टर, एयर कन्डिशन, कम्फरेन्स सिस्टम आदि।
३. फर्निचर तथा फर्निसिङ्ग फिक्चर।
४. विद्युतीय सामान तथा विद्युतीकरण।
५. भवन तथा भौतिक संरचना।
६. माथी छुट भएका अन्य मर्मत

(ग) **सेवा तथा परामर्श तर्फः**

१. कम्प्युटर तालिम।
२. भाषा शिक्षण/ड्राइभिङ्ग तालिम।
३. तालिम, गोष्ठि, सेमिनार सन्चालन र व्यवस्थापन।
४. सफ्टवेयर, वेवसाइट निर्माण।
५. सवारी साधन, भाडा, ढुवानी।
६. कुरियर सेवा।
७. टेलिफोन E-PABX, I-CEF तथा सो संग सम्बन्धित कार्य। सूचना, विज्ञापन, डकुमेन्ट्री निर्माण/प्रकाशन/प्रसारण, इन्टरनेट सम्बन्धी।
८. प्राविधिक सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन।
९. हेभि इक्विप्मेन्ट सेवा।
१०. DPR साथै माथी छुट हुन गएका अन्य परामर्श सेवाहरु

(घ) **निर्माण कार्यः** (ठेक्का पट्टा लगायत अन्य)

(ङ) माथि उल्लेखित खरिद, मर्मत, सेवा तथा परामर्श र निर्माण कार्याको लागि सुचिकृतको निवेदन फाराम फुङलिङ नगरपालिकाको कार्यालय तथा www.phunglingmun.gov.np बाट प्रप्त गर्न सकिनेछ।

(च) सूची दर्ता शुल्क रु १०००।–(पछि फर्ता नहुने) लाग्ने छ।

(छ) मौजुदा सूचीमा सूचिकृत भएकाहरु मध्येबाट कार्यालयले प्रचलित नियमानुसार खरिद कार्यमा सहभागी गराउन सक्नेछ।

(ज) रित नपुगी आएको निवेदनलाई मान्यता दिइने छैन।

(झ) थप जानकारीको लागि कार्यालयको फोन नं.०२४-४६०७२४/९८४२६६३७५६

..........................
जय नारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

फुङलिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फुङलिङ, ताप्लेजुङ

सख्या: २०८१।०८२

सूचना नं.: 02

(कोशी प्रदेश, नेपाल)

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

**प्रथम पटक प्रकाशित मिति: २०८१/०४/०१**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यवसाय कर सम्बन्धी निर्देशिका, २०७८ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म नगरपालिकामा दर्ता तथा नवीकरण नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको ४५ (पैतालीस) दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी नगरपालिकाको कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यबसायलाई नगरपालिकाको व्यबसाय कर सम्बन्धी निर्देशिका, २०७८ को दफा १६ बमोजिम निजलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर वा करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी लिलामविक्री गरेर निजबाट लिनुपर्ने व्यबसाय कर असूल उपर गरी सोही निर्देशिकाको दफा ३ को उपदफा (५) बमोजिम व्यबसाय बन्दको कारवाही समेत गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

**व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु:**

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सर्जमिन मुचुल्का,

(ङ) व्यबसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात),

(च) व्यवसाय संचालन रहेको ठाउँ आफ्नै घर भए धनिपुर्जा/घरनक्सापास/घर अभिलेखिकरण गरेको प्रमाण र भाडामा लिएको भए भाडा सम्झौता प्रतिलिपित र

(छ) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो।

..........................

जय नारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री उद्योग वाणिज्य संघको कार्यालय, ताप्लेजुङ आवश्यक समन्वय गरिदिनु हुन।